सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

च.नं.:

मिति:२०७९/०५/१५

**विषय:- भिडियो प्रतियोगिता सम्वन्धी सूचना ।**

२०७९ भदौ २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा राष्ट्रिय बाल अधिकार परिषदले **"बाल अधिकार प्रवर्द्धनमा अभिभावकको भूमिका"** विषयमा २ मिनेटको भिडियो प्रतियोगिता आयोजना गरेकाले इच्छुक प्रतियोगीहरुले तपशीलको नियमहरुको पालना गर्दै तयार गरिएको भिडियो २०७९ भदौ २० गते सम्म children01day@gmail.com मा पठाउनुहुन सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:-

१. प्रतियोगितामा १८ बर्ष भन्दा कम उमेरका बालबालिका सहभागी हुन पाउनेछन् ।
२. भिडियो न्यूनतम् ९० सेकेन्ड तथा अधिकतम् २ मिनेट समय भित्रको हुनुपर्नेछ ।
३. भिडियो नेपाली भाषामा हुनुपर्नेछ ।
४. शब्द चयन गर्दा मर्यादित, कसैलाई व्यक्तिगत आक्षेप र लाञ्छना नलाग्ने हुनुपर्नेछ ।
५. भिडियोमा कुनै निश्चित राजनीतिक दल, दलको नेता, धार्मिक समुदाय वा सो समुदायका अगुवा वा निश्चित व्यक्तिको पक्षपोषण गर्ने हुनुहुदैन ।
६. भिडियो सामग्री पेश गर्दा सहभागीले आफ्नो उमेर खुल्ने प्रमाण पेश गर्नुपर्नेछ ।
७. भिडियो कुनै स्रोतबाट नक्कल नगरिएको, मौलिक र सन्देशमूलक हुनुपर्नेछ । सहभागी आफैले आफ्नो सोंचमा तयार गरिएको हुनुपर्नेछ ।
८. भिडियोले बालअधिकार प्रवर्द्धनमा अभिभावको भूमिका कसरी हुन सक्छ भन्ने प्रश्नको सकारात्मक र प्रवर्द्धनात्मक सन्देश दिने हुनुपर्नेछ ।
९. भिडियोमा एनिमेसन, टिकटक वा शब्दहरुको प्रयोग गर्न सकिने तर यसरी प्रयोग वा अभिनय गर्दा सम्बन्धित व्यक्तिको सहमति अनिवार्य हुनुपर्नेछ ।

२०७९/०५/१५

(दिनेश पौडेल)

प्रमुख प्रशासकीय अधिकृत